अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको बैठक

बैठक संख्या ७२ मितिः२०७६/०६/२९

उपस्थिती

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपीचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | बडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरवबहादुर खड्का | सदस्य | |
| १५ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १६ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| १७ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| १९ | सदस्य | श्री दिलमाया शिवा | सदस्य | |
| २० | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २१ | सदस्य | श्री खिनमान दास | सदस्य | |
| २२ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| | | | | |

मिति २०७६/०६/२९ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. अर्जुनधारा नगरपालिकाको विषयगत समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि संशोधन सहित स्वीकृत गर्ने ।साथै,अघिल्लो कार्यपालिका बैठकको निर्णयानुसार गठन भएका युवा,खेलकुद,कला साहित्य सँस्कृति प्रवर्द्धन तथा सूचना तथा सञ्चार समितिका पदाधिकारीहरुको मिति २०७६/०६/३० गते शपथ ग्रहण तथा प्रमाणपत्र वितरण कार्यक्रम गर्ने ।

२. अर्जुनधारा नगरपालिकाको विपन्न परिवार पहिचान सम्बन्धि गठन तथा सञ्चालन कार्यविधि , टोल विकास समिति गठन तथा परिचलान कार्यविधि, नगर पूर्वाधार निर्माण औजार सामाग्री तथा जनशक्ति परिचालन कार्यविधि तयार गर्ने । नगर पूर्वाधार निर्माण औजार सामाग्री तथा जनशक्ति परिचालन कार्यविधि तयार भए पश्चात नगरपालिकाका शाखा सडकहरुको स्तरोन्नति तथा ग्राभलिङ्ग गर्ने र टोल विकास समिति गठन तथा परिचलान कार्यविधि निर्माण गरी वडामा रहेका टोल समितिहरुलाई पुनर्गठन गरी क्रियाशिल बनाउने ।

३. तटबन्धन तथा सिँचाई व्यवस्थापन समिति,खानेपानी तथा सरसफाई व्यवस्थापन समिति तथा धार्मिक स्थल संरक्षण तथा प्रवर्द्धन समिति गठनका लागि आवश्यक गठन प्रक्रिया अघि बढाउने ।साथै, ती समितिहरुको गठन परिचालन तथा सञ्चालन कार्यविधि १५ दिन भित्र निर्माणका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

४. वडा नं १,२ र ३ को डम्पिङ्ग साइट व्यवस्थापनका लागि सम्बन्धित वडा कार्यालयलाई जिम्मा दिने ।

५. चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम अनुसार सार्वजनिक शौचालय निर्माणका लागि बजेट बिनियोजन भएकामा उक्त बजेटबाट खुदुनाबारी बजार स्थित श्री जनता माध्यमिक विद्यालय तथा शनिश्चरे बजारमा सार्वजनिक शौचालय निर्माण गर्ने ।साथै,सार्वजनिक शौचालय निर्माण सञ्चालन तथा रेखदेखका लागि वडास्तरमा समिति गठन गरी निर्माण प्रक्रिया अघि बढाउने ।

६. गत आर्थिक वर्षमा सम्झौता भई चालु आर्थिक वर्षमा भुक्तानी गर्नुपर्ने देहायानुसारका योजनाहरुलाई गत सालकै दायित्व भुक्तानी गर्न विनियोजित रकम मध्येबाट खर्च गर्ने गरी योजना सञ्चालन तथा फरफारक गर्ने ।

| क्र.सं. | योजनाको नाम | वडा नं | रकम (रु) |
|---|---|---|---|
| १ | हलुवागढ कालिखोला सिमसार पोखरी व्यवस्थापन | १ | ५ लाख मात्र । |
| २ | खगेन्द्र फुयलको घर छेउ १०० मि स्पर बाँध निर्माण | १ | २० लाख मात्र । |
| ३ | बिरिङ्ग नदिबाट कुलो पैनीमा पानी उठाउनका लागि ७ वटा कुलो पैनी मर्मत | १ | ५ लाख मात्र । |
| ४ | टाङ्टिङ्ग नदिबाट कुलो पैनीमा पानी उठाउनका लागि कुलो | २ | १० लाख मात्र । |

| | | | |
|---|---|---|---|
| | मर्मत | | |
| ५ | हरि माझीको घर छेउ तटबन्धन | ११ | २ लाख मात्र। |
| ६ | शनिश्चरे बजारमा पेभेज विच्छयाउने काम | ८ | ४२ लाख मात्र। |
| ७ | नगर गौरव योजना अन्तर्गत स्वागतद्वार निर्माण,अर्जुन तथा जग्गादाताहरुको अर्धकदको शालिक स्थापना | | ३० लाख मात्र। |
| ८ | थ्रि फेज लाइनका लागि ट्रान्सफर्मर जडान | ११ | ३ लाख मात्र |
| ९ | नदि नियन्त्रण तथा तारजाली (क्रमागत) | ३ | ४ लाख मात्र। |

७. वडा नं ३ को कार्यालय अगाडिको भवनमा अस्थायी प्रहरी चौकी स्थापनाका गर्नका लागि चौकी रहने भवनको सामान्य मर्मत तथा रंगरोगन गर्नका लागि आवश्यक पर्ने रकम नगरपालिकाबाट उपलब्ध गराउने।

८. नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुमा प्रयोग हुने नदिजन्य सामाग्री,उत्खनन तथा ढुवानीको स्थानीय दररेट निर्धारण गर्नका लागि देहायानुसारको एक समिति गठन गरी जिम्मेवारी दिने।
पूर्वाधार विकास समिति संयोजक श्री रमेश त्रिखत्री
वडा अध्यक्ष वडा नं ३ श्री जीवन भण्डारी
वडा अध्यक्ष वडा नं ६ श्री लोकनाथ गौतम
वडा अध्यक्ष वडा नं ७ श्री नवराम ढुङ्गाना
ईञ्जिनियर श्री निरज अधिकारी

९. जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं १ बाट यस नगरपालिकामा चालु आर्थिक वर्षमा नदि नियन्त्रणका लागि सञ्चालन हुन सक्ने कार्यक्रमको विवरण उपर राय प्रतिक्रिया माग भई आएकामा वडा नं १ स्थिन खगेन्द्र फुयलको घर छेउ बिरिङ्ग किनारबाट पूर्वोत्तर क्षेत्रमा तटबन्धन गर्नका लागि लेखी पठाउने।

१०. वर्षातको समयमा हुन सक्ने सम्भावित क्षति न्यूनिकरण तथा व्यवस्थापनका लागि कार्यपालिका बैठकको निर्णयानुसार नगर उप प्रमुख ज्यूको संयोजकत्वमा गठिन कार्यदलबाट प्राप्त प्रतिवेदन वाचन गरियो।विपद व्यवस्थापनका लागि सक्रियता पूर्वक खेलेको योगदानका लागि धन्यवाद सहित कार्यदल विघटन गर्ने।

११. अर्जुनधारा नगरपालिकामा रहेका उच्च रक्तचाप,मधुमेह जस्ता रोगीहरुलाई लक्षित गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न त्यस्ता बिरामीहरु सम्मिलित कार्डिएक डायबेटिक क्लब गठन गर्नु आवश्यक रहेकाले आवश्यक कार्यविधि तयार गरी गठन प्रक्रिया अघि बढाउने।

१२. महानन्द चौकबाट शनिश्चरे बजार हुँदै जयपुर जाने सडक मर्मतका लागि सडक विभागबाट रु १ करोड मात्र चालु आर्थिक वर्षमा विनियोजन भएकामा उक्त सडक यस क्षेत्रकै अति व्यस्त ,अत्याधिक सवारी चाप रहेको र अत्यन्त जिर्ण समेत रहेकाले हाल विनियोजित बजेटबाट मात्र सडकको मर्मत तथा स्तरोन्नति हुन नसक्ने भएकाले उक्त सडकका लागि थप रु १० करोड बजेट विनियोजन गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने र सम्बन्धित निकायमा पहलकदमीका लागि तुरुन्त डेलिकेशन समेत जाने।

१३. वादी बुदाई मुर्मु सतार सतिवादी अर्जुनधारा नगरपालिका समेत भएको जालसाजी मुद्दामा उक्त मुद्दाको प्रतिउत्तर पत्र पुर्याउन,गुज्रेको म्याद थाम्ने निवेदन गर्न,कानुन व्यवसायी मुकरर गर्न,वारेस नियुक्त गर्न लगायतका सो मुद्दासँग सम्बन्धित कामकारबाही गर्नका लागि यस अर्जुनधारा नगरपालिकाका नगर सभा सदस्य श्री टुम्मनाथ काफ्लेलाई अख्तियारी दिने ।

१४. मिति २०७६/०६/१२ को कार्यपालिका बैठकको निर्णयानुसार नगरपालिकामा आवश्यक श्रेणिविहिन तथा प्राविधिक कर्मचारीको सेवा करारमा लिने सम्बन्धमा आवश्यक पदसंख्या सिफारिस गर्न गठित समितिको म्याद आगामी कार्तिक २२ गते सम्मका लागि थप गर्ने ।

१५. खुदुनाबारी अर्जुनधारा खानेपानी आपूर्ती तथा सरसफाई सुधार तथा विस्तार आयोजना, शनिस्चरे मावि विध्यालय भवन निर्माण आयोजना र विरिङखोला चेक डयाम पूर्व तयारी व्यवस्थापन आयोजनाहरुलाई नगरपालिकाको आव ०७६।०७७ को बार्षिक योजनामा समावेश गरि साझेदारी गर्नुपर्ने आयोजनामा बजेटको समपुरक कोष शिर्षक अन्तरगत विनियोजित रकमवाट साझेदारी गर्ने ।

अ. विशेष अनुदान तर्फः नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट विशेष अनुदानका लागि प्रस्ताव आह्वान भएकामा निम्न योजनाहरु पेश गर्ने ।

क. खुदुनाबारी अर्जुनधारा खानेपानी आपूर्ती तथा सरसफाई सुधार तथा विस्तार आयोजना

ख. शनिस्चरे मावि विध्यालय भवन निर्माण आयोजना ।

आ. समपुरको कोष तर्फ विरिङ खोलाको मुहान संरक्षण साथै वर्खे कुलो मार्फत सिँचाई गर्न सहजताका लागि वर्षातमा बाढीले बगाई ल्याउने नदीजन्य सामाग्री संरक्षण हुने गरी चेक डयाम पूर्व तयारी व्यवस्थापन आयोजना सञ्चालनका लागि सम्बन्धित निकायमा प्रस्ताव पेश गर्ने ।